सिमकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिमकोट हुम्ला

कर्णाली प्रदेश

पत्र संख्या: ०८२।०८३

चलानि नं: २

## कर्मचारी आवश्यकता सम्बन्धि सुचना

**प्रथम पटक प्रकाशित:२०८३/०३/१८**

नेपाल सरकार, फिनल्याण्ड सरकार, युरोपियन युनियन तथा यस सिमकोट गाउँपालिकाको संयुक्त सहकार्यमा यस सिमकोट गाउँपालिकामा संचालन भैरहेको **"सवैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता(SUSWA) आयोजना"** का लागि **खानेपानी, सरसफाइ तथा स्वच्छता इकाईका कर्मचारी भर्ना छनौट तथा परिचालन कार्यविधि २०८१ को दफा ४ र ५** अनुसार तपशिल वमोजिमका पदमा सेवा करार पदपुर्ती गर्नका लागि निम्न वमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुका लागि आफ्नो काम गर्न चाहेको पदमा वैयक्तीक विवरण र निवेदन सहित सुचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस कार्यालय समयमा दरखास्त पेश गर्न हुन यो सुचना प्रकाशन गरिएको छ । सो दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दरखास्त दिन सकिनेछ ।

भलाराम पंगाली
प्रमुख प्रशासकीय अधिकृत

तपसिल:

| क्र.स. | विज्ञापन नम्वर | पद | संख्या |
|---|---|---|---|
| १ | SUSWA-१-०८२-०८३ | खानेपानी सरसफाई तथा स्वच्छता संयोजक(WASH Co-Ordinator) | १ |
| २ | SUSWA-२-०८२-०८३ | खानेपानी सरसफाई तथा स्वच्छता(वास) प्राबिधिक (WASH Technician) | २ |
| ३ | SUSWA-३-०८२-०८३ | सामाजिक परिचालक (Social Mobilizer) | ३ |

### १. आवश्यक न्युनतम् योग्यता तथा अनुभव

१.१ खानेपानी सरसफाइ तथा स्वच्छता संयोजक पदको लागि

1. कम्तीमा स्नातक तह(ग्रामिण विकास, समाजशास्त्र, ब्यवस्थापन वा सो सरह) उत्तिर्ण गरि कम्तीमा ५ बर्षको ग्रामीण विकास, योजना तर्जुमा र ब्यवस्थापनमा कार्य गरेको अनुभव भएको हुनु पर्ने सो ५ बर्ष मध्ये खानेपानी सरसफाई तथा स्वच्छताको क्षेत्रमा अनिवार्य कम्तीमा ३ बर्ष काम गरेको हुनु पर्ने ।
2. सामाजिक परिचालन, तालिम सहजिकरणमा राम्रो अनुभव भएको ।
3. आधारभुत कम्पुटर (MS word, Excel, power point) को ज्ञान र प्रतिवेदन क्षमता भएको ।
4. दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तर्गत खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रमा कार्य गरेकोलाई विशेष ग्राह्यता दिईने।
5. अंग्रेजी तथा नेपाली भाषा लेखन बोलाईमा दखल भएको।

"उच्च हिमाली विविधतायुक्त व्यापरिक र पर्यटकिय सहर: समृद्द हाम्रो सिमकोट नगर"
फोन नं -०९७७-०८७६८००९४,९८५८३२०१९२ , वेवसाइट: www.simkotmum.gov.np
इमेल:ito.simkotmun@gmsil.com/info@simkotmun.gov.np

सिमकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिमकोट हुम्ला

क

पत्र संख्याः ०८२।०८३

चलानि नंः

१.२ खानेपानी सरसफाई तथा स्वच्छता (वास) प्राबिधिक पदको लागिः

1. CTEVT बाट सिभिल ईन्जिनियरिङ बिषयमा कम्तीमा TSLC उतिर्ण गरेको वा खानेपानी तथा सरसफाई क्षेत्रमा मान्यता प्राप्त संस्था बाट ३० दिने तालिम प्राप्त गरेको, कम्तीमा २ बर्ष खानेपानी सरसफाई तथा स्वच्छताका क्षेत्रमा कार्य अनुभव भयको र कम्तिमा ५ वटा पाइप प्रणालीका (gravity flow) खानेपानी योजनाहरूको स्वतन्त्र रूपमा निर्माण सम्पन्न गरेको।
2. सामाजिक परिचालन, तालिम सहजिकरणमा राम्रो अनुभव भएको ।

१.३ सामाजिक परिचालक(Social Mobilizer) पदको लागि

1. नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्था तथा विश्वविद्यालयवाट कम्तिमा प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको,
2. ग्रामिण परिबेशमा कम्तिमा दुइ बर्ष सामाजिक परिचालन वा सामुदायिक विकासको क्षेत्रमा काम गरेको र कम्तिमा एक बर्ष खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा काम गरेको ।
3. खानेपानी, सरसफाइ तथा सामाजिक परिचालन सम्बन्धि तालिम लिएको ।
4. स्थानीय सरकारको अधिनमा रहि दातृ संस्था द्वारा संचालीत परियोजनाहरुमा काम गरेकोलाई ग्राह्यता दिइने।

२. दरखास्त दिने स्थानः सिमकोट गाउँ कार्यपालिकाको कार्यालय।

३. दरखास्त दिने अन्तिम मितिः २०८३/०३/३२

४. आवेदन दस्तुरः खानेपानी सरसफाई तथा स्वच्छता संयोजकका लागि रु १००० (एक हजार मात्र), खानेपानी सरसफाई तथा स्वच्छता (वास) प्राबिधिक (WASH Technician) र सामाजिक परिचालकले रु ५०० अक्षरुपी पाँच सयमात्र गाउँपालिकाको आन्तरिक राजश्व खाता नं ४१९०१००३०१०१०००३ मा जम्मा गरेको भौंचर सलग्न राखु पर्नेछ।

५. छनौटको किसिमः प्रारम्भिक योग्यताका क्रमको छोटो सुची प्रकाशन, लिखित तथा मौखिक परीक्षा। वास संयोजकको लागि कम्प्युटर परीक्षण समेत गरिनेछ ।

६. आवेदनका साथ संलग्न राखु पर्ने कागजातहरुः आवेदक स्वयमले प्रमाणित गरेको देहाय वमोजिमका कागजातहरुको प्रतिलिपि अनिवार्य पेस गर्नुपर्नेछ ।.

क नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ख चारित्रिक तथा लव्धाङ्क प्रमाणपत्रको प्रमाण पत्रको प्रतिलिपि

ग काम सँग सम्वन्धित अनुभवका कागजातहरु

घ शैक्षिक योग्यताको लव्धाङ्क प्रमाण पत्र

ङ बैयक्तिक विवरण(बायो डाटा) कामसँग सम्वन्धित तालिमका प्रमाणपत्रहरु

मलाराम पगाली
प्रमुख प्रशासकीय अधिकृत

"उच्च हिमाली विविधतायुक्त व्यापरिक र पर्यटकिय सहरः समृद्द हाम्रो सिमकोट नगर"

फोन नं -०९७७-०८७६८००९४,९८५८३२०१९२ , वेवसाइटः www.simkotmum.gov.np
इमेलःito.simkotmun@gmsil.com/info@simkotmun.gov.np